आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिको

# पहिलो त्रैमासिक समीक्षा

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

# विषय-सूची


पृष्ठभूमि ........ १

मौद्रिक नीतिको पहिलो त्रयमाससम्मको कार्यान्वयन स्थिति ........ १

वित्तीय तथा बाह्य क्षेत्र नीतिहरुको कार्यान्वयन स्थिति ........ १

विश्व अर्थतन्त्रको स्थिति र परिदृश्य ........ २

आन्तरिक आर्थिक तथा वित्तीय स्थिति ........ ३

- मुद्रास्फीति ........ ३
- बाह्य क्षेत्र ........ ३
- सरकारी वित्त ........ ४
- मौद्रिक तथा वित्तीय क्षेत्र ........ ४

आन्तरिक आर्थिक तथा वित्तीय स्थितिको समीक्षा र परिदृश्य ........ ५

नीतिगत व्यवस्थाहरु ........ ६

# आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा

## पृष्ठभूमि

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ द्वारा प्रदत्त मूल्य एवम् शोधनान्तर स्थिरता र वित्तीय स्थायित्व कायम गर्ने मूलभूत उद्देश्यका साथ २०८० साउन ७ गते आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीति जारी गरिएको थियो । मौद्रिक नीतिको पहिलो त्रयमाससम्मको कार्यान्वयन स्थिति, बाह्य तथा आन्तरिक आर्थिक तथा वित्तीय स्थिति र परिदृश्यका आधारमा आवश्यक नीतिगत व्यवस्था गरी मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा गरिएको छ ।

## मौद्रिक नीतिको पहिलो त्रयमाससम्मको कार्यान्वयन स्थिति

२. आर्थिक वर्ष २०८०/८१ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६.५० प्रतिशतको सीमाभित्र रहने गरी मौद्रिक व्यवस्थापन गरिने नीति लिइएकोमा पहिलो तीन महिनाको औसत उपभोक्ता मुद्रास्फीति ७.७४ प्रतिशत कायम भएको छ । समीक्षा अवधिमा खासगरी खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धि दर उच्च रहेको छ ।

३. कम्तिमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा २०८० असोज मसान्तमा १०.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी मुद्रा सञ्चिति कायम रहेको छ । मौद्रिक नीतिको कार्यदिशा र विप्रेषण आप्रवाहमा आएको सुधारका कारण शोधनान्तर बचत कायमै रहेकोले विदेशी विनिमय सञ्चिति वृद्धि भैरहेको छ ।

४. बैकिङ प्रणालीको तरलतामा आएको सुधारले गर्दा २०८० असोजमा बैंक तथा वित्तीय संस्थाहरुको भारित औसत अन्तरबैंक दर २.२६ प्रतिशत कायम भएको छ । बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जाको वृद्धि दर न्यून रहेको स्थितिलाई दृष्टिगत गरी पछिल्लो केही समय खुला बजार कारोबारबाट पर्याप्त मात्रामा तरलता प्रशोचन गरिएको छैन ।

५. आर्थिक वर्ष २०८०/८१ मा विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशत र बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा ११.५ प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण गरिएकोमा २०८० असोज मसान्तमा वार्षिक बिन्दुगत आधारमा विस्तृत मुद्राप्रदाय १४.० प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा ४.८ प्रतिशतले वृद्धि भएको छ । विस्तृत मुद्राप्रदायमा भएको वृद्धिले तरलता सहज हुँदै गएको छ ।

## वित्तीय तथा बाह्य क्षेत्र नीतिहरुको कार्यान्वयन स्थिति

६. आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिमा तय गरिएका नीतिगत व्यवस्थाहरुमध्ये सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित व्यवस्था, लघुवित्त वित्तीय संस्थाहरुको मर्जर र प्राप्तिलाई प्रोत्साहनसम्बन्धी व्यवस्था, राष्ट्रिय स्तरका विकास बैंकहरुले Capital Adequacy Framework, 2015 अनुसार पुँजीकोष कायम गर्नुपर्ने व्यवस्था, बैंक तथा वित्तीय संस्थाबाट हुने लगानीसम्बन्धी व्यवस्था, तोकिएका क्षेत्रमा कर्जा लगानी गर्नुपर्ने सम्बन्धी व्यवस्था, बैंक तथा वित्तीय संस्थाबाट निश्चित सीमाभन्दा बढी कर्जा/सुविधा उपयोग गर्ने ऋणीहरुले अनिवार्य रुपमा स्थायी लेखा नम्बर लिनु पर्ने व्यवस्था कार्यान्वयनमा आएका छन् ।

७. आन्तरिक आर्थिक अवस्थालाई दृष्टिगत गरी चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई लचिलो बनाई कार्यान्वयनमा ल्याईएको छ । त्यसैगरी, पहिलो आवासीय घर कर्जाको सीमा वृद्धि गर्नुको साथै शेयर धितो कर्जा, रियल स्टेट कर्जा तथा हायर पर्चेज कर्जाका विद्यमान जोखिम भारसम्बन्धी व्यवस्थालाई खुकुलो बनाई कार्यान्वयनमा ल्याईएको छ । साथै, शेयर धितो कर्जाका विद्यमान सीमाहरुलाई पनि वृद्धि गरिएको छ । उपर्युक्त नीतिगत व्यवस्थापश्चात् कर्जा प्रवाहमा वृद्धि हुन थालेको देखिएको छ ।

८. विदेशी विनिमय अन्तर्गत मौद्रिक नीतिमा भएका व्यवस्थाहरुमध्ये उद्योग/व्यवसायले गरेको विदेशी मुद्रा आर्जनको निश्चित प्रतिशतसम्म विदेशी मुद्रा सटही सुविधा तोकिएका कागजातहरुको आधारमा वाणिज्य बैंकमार्फत नै उपलब्ध हुने, ब्याक टु ब्याक प्रतीतपत्रको सुविधा पाउने विद्यमान व्यवस्थामा नेपाल एकीकृत व्यापार रणनीतिले पहिचान गरेका वस्तुहरु थप, ड्राफ्ट/टी.टी. र DAP/DAA को माध्यमबाट हुने आयातसम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन, भारतबाहेक अन्य मुलुकहरूको भ्रमणमा जाने नेपाली नागरिकहरूलाई राहदानी सुविधावापत पाउने विदेशी मुद्रा सटही सुविधामा वृद्धि, हवाई सेवा प्रदायकहरुलाई आवश्यक पर्ने अमेरिकी डलर एक लाख वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको विभिन्न सेवा शुल्कको भुक्तानी वाणिज्य बैंकहरुमार्फत सोझै पठाउन सकिने व्यवस्था कार्यान्वयनमा आइसकेको छ ।

## विश्व अर्थतन्त्रको स्थिति र परिदृश्य

९. कोभिड महामारी, भू-राजनीतिक तनाब र मुद्रास्फीति नियन्त्रणका लागि अवलम्बन गरिएको कसिलो मौद्रिक नीतिका कारण विश्व अर्थतन्त्र शिथिल बनेको छ । सन् २०२२ मा ३.५ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२३ मा ३.० प्रतिशत र सन् २०२४ मा २.९ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको छ[१] । सन् २०२२ मा २.६ प्रतिशतले विस्तार भएको विकसित अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा १.५ प्रतिशतमा सीमित हुने र सन् २०२२ मा ४.१ प्रतिशतले विस्तार भएको उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा ४.० प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको छ ।

१०. सन् २०२२ मा ५.१ प्रतिशतले विस्तार भएको विश्व व्यापार आयतन सन् २०२३ मा ०.९ प्रतिशतले र सन् २०२४ मा ३.५ प्रतिशतले विस्तार हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ ।

११. विकसित एवम् उदीयमान मुलुकहरुका केन्द्रीय बैंकले अवलम्बन गरेको कसिलो मौद्रिक नीतिको कार्यदिशाका कारण मुद्रास्फीति घट्ने क्रममा रहेको छ । फलस्वरुप, कोभिड महामारी र अन्तर्राष्ट्रिय भू-राजनीतिक तनाबका कारण विश्वव्यापी रुपमा उच्च रहेको मुद्रास्फीति क्रमशः कम हुँदै जान थालेको छ । सन् २०२२ मा विश्वको औसत उपभोक्ता मुद्रास्फीति ८.७ प्रतिशत रहेकोमा सन् २०२३ मा ६.९ प्रतिशत र सन् २०२४ मा ५.८ प्रतिशत रहने कोषको प्रक्षेपण छ । सन् २०२२ मा विकसित र विकासोन्मुख मुलुकहरुको मुद्रास्फीति क्रमशः ७.३ प्रतिशत र ९.८ प्रतिशत रहेकोमा सन् २०२३ मा क्रमशः ४.६ प्रतिशत र ८.५ प्रतिशत तथा सन् २०२४ मा क्रमशः ३.० प्रतिशत र ७.८ प्रतिशत रहने प्रक्षेपण छ । तर, पछिल्लो समय इजरायल-हमासबीच शुरु भएको युद्धका कारण विश्व आपूर्ति प्रणाली थप प्रभावित हुने जोखिम भने बढेको छ ।

१२. मुद्रास्फीति नियन्त्रणका लागि विश्वका अधिकांश केन्द्रीय बैंकहरुले अवलम्बन गरेको मौद्रिक नीतिको कसिलो कार्यदिशा केही समय अझै कायम रहने देखिन्छ । अमेरिकी फेडरल रिजर्भले सन् २०२३

[१] अन्तर्राष्ट्रिय मुद्रा कोषले प्रकाशन गरेको World Economic Outlook, October 2023.

जुलाईमा फेडरल फण्ड रेट वृद्धि गरी ५.२५-५.५० प्रतिशत पुऱ्याएकोमा सन् २०२३ सेप्टेम्बरमा पनि सोही नीतिगत दरलाई निरन्तरता दिएको छ। बैंक अफ इंग्ल्याण्डले पछिल्लो पटक सन् २०२३ अगष्टमा बैंक दर ०.२५ प्रतिशतले वृद्धि गरी ५.२५ प्रतिशत पुऱ्याएकोमा सन् २०२३ सेप्टेम्बरमा पनि सो दरलाई निरन्तरता दिएको छ। भारतीय रिजर्भ बैंकले सन् २०२३ फेब्रुअरीदेखि रिपो रेटलाई ६.५० प्रतिशत र स्थायी तरलता सुविधाको ब्याजदरलाई ६.७५ प्रतिशत कायम गरेकोमा सो दरहरुलाई सन् २०२३ अक्टुबरको मौद्रिक नीतिको समीक्षा गर्दा समेत यथावत नै राखेको छ।

## आन्तरिक आर्थिक तथा वित्तीय स्थिति

### मुद्रास्फीति

१३. चालु वर्षको पहिलो त्रयमाससम्म पनि मूल्यमा चाप कायमै रहेको छ। २०८० असोज मसान्तमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ७.५० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ८.५० प्रतिशत रहेको थियो। २०८० असोज मसान्तमा वार्षिक बिन्दुगत आधारमा खाद्यान्न समूहको मूल्य वृद्धि ८.३८ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धि ६.८१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो समूहको मूल्य वृद्धि क्रमशः ८.०५ प्रतिशत र ८.८५ प्रतिशत रहेको थियो।

१४. समीक्षा अवधिमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति २.७८ प्रतिशत रहेको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा १३.७३ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा तलब तथा ज्याला दर सूचकाङ्क ५.६५ प्रतिशतले बढेको छ, जुन अघिल्लो वर्ष ११.५९ प्रतिशतले बढेको थियो।

१५. अन्तर्राष्ट्रिय भू-राजनीतिक तनावका कारण आपूर्ति श्रृंखलामा भएको व्यवधान र अमेरिकी डलरसँग नेपाली रुपैयाँ अवमूल्यन भएका कारण उपभोक्ता मूल्यमा चाप परेको हो। खासगरी खाद्य तथा पेय पदार्थ समूहको मूल्यमा बढी चाप परेको छ। केही मुलुकहरुले खाद्यान्न निर्यातमा लगाएको प्रतिबन्ध र स्वदेशी बजार अनुगमन प्रभावकारी नहुँदा सोको फाइदा उठाउने प्रवृत्तिले गर्दा पनि मूल्यमा चाप पर्न गएको छ। पछिल्लो समय मध्यपूर्वी एशियाली मुलुकमा शुरु भएको भू-राजनीतिक तनावले मूल्यमा थप चाप पर्न सक्ने जोखिम रहेको छ। तर, भारतमा पछिल्ला महिनाहरुमा मूल्यवृद्धि घट्न थालेको र नेपालको थोक मूल्यवृद्धि कम रहेकोले मूल्यवृद्धिमा सुधार हुने अपेक्षा रहेको छ।

### बाह्य क्षेत्र

१६. आर्थिक वर्ष २०८०/८१ को तीन महिनामा कुल वैदेशिक व्यापार अघिल्लो वर्षको सोही अवधिको तुलनामा १.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार १८.५ प्रतिशतले घटेको थियो। चालु वर्षको तीन महिनामा वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा २.३ प्रतिशतले घटेको छ भने वस्तु आयात १.७ प्रतिशत र कुल वस्तु व्यापार घाटा २.१ प्रतिशतले बढेको छ। यस अवधिमा मासिक औसत आयात रु.१३३ अर्ब ६७ करोड रहन गएको छ।

१७. पछिल्लो समयमा छिमेकी मुलुकमा विद्युत र सिमेन्टको निर्यात बढ्न थालेको छ। यसले व्यापार घाटा न्यूनीकरण गर्न सहयोग पुगेको छ। मुलुकको आन्तरिक उत्पादन संरचनालाई दृष्टिगत गर्दा व्यापार सन्तुलनमा दिगो सुधार ल्याउन विद्युतको उत्पादन र निर्यातमा विशेष जोड दिनु पर्ने देखिन्छ।

१८. वैदेशिक व्यापारतर्फ सेवा खाता घाटा बढ्दै गएको छ। समीक्षा अवधिमा सेवा खाता घाटा अघिल्लो वर्षको सोही अवधिको तुलनामा २४.५ प्रतिशतले वृद्धि भई रु.२९ अर्ब ५६ करोड पुगेको छ। समीक्षा

अवधिमा सेवा निर्यात रु.५३ अर्ब २८ करोड र सेवा आयात रु.८२ अर्ब ८५ करोड रहेको छ। सेवा आयातअन्तर्गत शिक्षातर्फको खर्च ८४.१ प्रतिशतले वृद्धि भई रु.३२ अर्ब ९२ करोड पुगेको छ। समीक्षा अवधिमा नेपाल आउने बाह्य पर्यटकको संख्यामा वृद्धि भई भ्रमण आय ५१.३ प्रतिशतले बढेको छ। पछिल्ला महिनाहरुमा पर्यटक आगमन कोभिड पूर्वभन्दा उच्च रहन गएको छ।

१९. आर्थिक वर्ष २०८०/८१ को तीन महिनामा विप्रेषण आप्रवाह ३० प्रतिशतले बढेको छ। विप्रेषण आप्रवाहमा भएको उल्लेख्य वृद्धिका कारण चालु खाता तथा शोधनान्तर स्थिति बचतमा राख्न सहयोग पुगेको छ। चालु आर्थिक वर्षको तीन महिनामा चालु खाता रु.५९ अर्ब ९ करोड र शोधनान्तर स्थिति रु.९९ अर्ब ७ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चालु खाता रु.३५ अर्ब २४ करोडले घाटामा र शोधनान्तर स्थिति रु.१२ अर्ब ४३ करोडले बचतमा रहेको थियो। शोधनान्तर स्थितिमा आएको सुधारका कारण विदेशी विनिमय सञ्चितिमा पनि सुधार भई २०८० असोज मसान्तमा रु.१६४३ अर्ब ९ करोड पुगेको छ, जुन करिव १०.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।

## सरकारी वित्त

२०. नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार आर्थिक वर्ष २०८०/८१ को तीन महिनासम्ममा नेपाल सरकारको चालु खर्च रु.२१३ अर्ब ३९ करोड, पुँजीगत खर्च रु.१७ अर्ब ८३ करोड र वित्तीय व्यवस्था खर्च रु.४९ अर्ब ३४ करोड गरी नेपाल सरकारको कुल खर्च रु.२८० अर्ब ५७ करोड अर्थात् कुल विनियोजनको १६.० प्रतिशत रहेको छ। यस अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु.२१९ अर्ब ११ करोड अर्थात् बजेट लक्ष्यको १५.४ प्रतिशत हुन गएको छ। समीक्षा अवधिमा सरकारी खर्च गत वर्षको सोही अवधिको तुलनामा ०.९ प्रतिशत र राजस्व परिचालन ५.० प्रतिशतले बढेको छ।

२१. नेपाल सरकार, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ को तीन महिनासम्ममा नेपाल सरकारले रु.९७ अर्ब ३१ करोड आन्तरिक र रु.९ अर्ब ४८ करोड बाह्य गरी कुल रु.१०६ अर्ब ७९ करोड ऋण परिचालन गरेको छ। यसरी परिचालित ऋण आर्थिक वर्ष २०८०/८१ को बजेटमा प्रस्तावित ऋण परिचालनको २३.६ प्रतिशत हुन आउँछ।

## मौद्रिक तथा वित्तीय क्षेत्र

२२. वार्षिक बिन्दुगत आधारमा २०८० असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ४.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ६.४ प्रतिशतले बढेको थियो। त्यसैगरी, वार्षिक बिन्दुगत आधारमा २०८० असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १४.९ प्रतिशतले बढेको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा ८.२ प्रतिशतले बढेको थियो। निजी क्षेत्रतर्फ जाने कर्जाको वृद्धि मौद्रिक नीतिमा प्रक्षेपण गरिएभन्दा न्यून रहन गएको छ। निक्षेपको वृद्धि सन्तोषजनक रहनुको साथै ब्याजदर घट्दो क्रममा रहेकोले चालु आर्थिक वर्षको अन्त्यसम्ममा कर्जा विस्तारमा सुधार हुने अपेक्षा गरिएको छ।

२३. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस बैंकबाट स्थायी तरलता सुविधामार्फत रु.१ अर्ब २० करोड र ओभरनाइट तरलता सुविधामार्फत रु.२३८ अर्ब २९ करोड गरी कुल रु.२३९ अर्ब ४९ करोड तरलता उपयोग गरेका छन्। अघिल्लो वर्षको सोही अवधिमा बैंक तथा वित्तीय संस्थाले स्थायी तरलता सुविधामार्फत रु.२१२२ अर्ब ७३ करोड तरलता उपयोग गरेका थिए भने यस बैंकले खुला बजार कारोबारका विभिन्न उपकरणहरुमार्फत रु.२३२ अर्ब ३६ करोड तरलता प्रवाह गरेको थियो।

तरलताको स्थिति सहज हुँदै गएकोले बैंक तथा वित्तीय संस्थाले पछिल्लो समय नेपाल राष्ट्र बैंकबाट तरलता उपयोग गरेका छैनन् ।

२४. तरलता स्थिति सहज भएसँगै बैंक तथा वित्तीय संस्थाहरुबीच हुने अन्तरबैंक कारोबारको आकार पनि बढेको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरु बीचको अन्तरबैंक कारोबार अघिल्लो वर्षको सोही अवधिको तुलनामा ५८.६७ प्रतिशतले वृद्धि भई कुल रु.१४९४ अर्ब ८ करोड भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु.९४१ अर्ब ६१ करोडको अन्तरबैंक कारोबार भएको थियो ।

२५. पछिल्लो समय अल्पकालीन ब्याजदरहरु घट्दै गएका छन् र दीर्घकालीन ब्याजदरहरु घट्ने प्रवृत्तिमा छन् । २०७९ असोजमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर १०.१४ प्रतिशत रहेकोमा २०८० असोजमा ४.९४ प्रतिशतमा झरेको छ । अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर २०८० असोजमा २.२६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ब्याजदर ८.५१ प्रतिशत रहेको थियो । त्यसैगरी, २०८० असोजमा वाणिज्य बैंकहरुको औसत आधार दर ९.९४ प्रतिशत रहेको छ, जुन अघिल्लो वर्षको असोजमा १०.३४ प्रतिशत रहेको थियो ।

## आन्तरिक आर्थिक तथा वित्तीय स्थितिको समीक्षा र परिदृश्य

२६. शोधनान्तर बचत वृद्धि भएका कारण मौद्रिक विस्तार भएको र कर्जाको ब्याजदरहरु घटिरहेको सन्दर्भमा बजेट बक्तव्यमा घोषणा गरिएका आर्थिक सुधारसम्बन्धी कार्य योजनाहरुको कार्यान्वयनबाट आर्थिक गतिविधि चलायमान भई आन्तरिक माग विस्तार हुने देखिन्छ । यसका लागि वित्तीय क्षेत्र लक्षित उच्छृंखल गतिविधि नियन्त्रण गरी व्यावसायिक वातावरणमा सुधार ल्याउन आवश्यक छ ।

२७. कर्णाली र सुदूरपश्चिम प्रदेशमा केही समयदेखि गएको भूकम्पका कारण धनजनको क्षति भएको छ । हजारौंको संख्यामा घरहरु भत्किएका छन् । भूकम्प प्रभावित नागरिकहरुको उद्धार, पुर्नस्थापना र पुननिर्माणमा ठूलो लगानी गर्नु पर्ने देखिएकोले सरकारी वित्त थप दबाबमा पर्ने देखिन्छ । तथापि, पुर्नस्थापना र पुननिर्माणलाई गति दिन सकिएमा यसबाट आर्थिक गतिविधि चलायमान बनाउन सहयोग पुग्ने देखिन्छ ।

२८. यस वर्षको मनसुन केही ढिलै शुरु भएपनि समग्रमा सन्तोषजनक रहेको, समयमै रासायनिक मलको उपलब्धता र धानको न्यूनतम समर्थन मूल्य तोकिएकोले कृषि क्षेत्रको वृद्धिदर सन्तोषजनक रहने अनुमान छ ।

२९. चालु वर्षको पहिलो त्रयमाससम्ममा पर्यटक आगमन संख्या उल्लेख्य रहेको छ । सन् २०२३ अक्टोबरसम्म ८ लाखभन्दा बढी पर्यटकहरुका आगमन भएको छ । बाह्य पर्यटनबाट हुने भ्रमण आय उल्लेख्य बढेको छ । यसबाट रोजगारी, आय आर्जन एवम् आर्थिक गतिविधि चलायनमान बनाउन सहयोग पुगेको छ ।

३०. अघिल्लो वर्षदेखि विप्रेषण आप्रवाह उल्लेख्य रहेका कारण शोधनान्तर र तरलता स्थितिमा सुधार ल्याउन सहयोग पुगेको छ । बढ्दो विप्रेषण आप्रवाहबाट घरपरिवारको माग विस्तार गरी आन्तरिक माग बढाउन सहयोग पुगिरहेको छ । विगत दुई वर्षमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्यालाई दृष्टिगत गर्दा अघिल्लो वर्ष जस्तै चालु वर्ष पनि विप्रेषण आप्रवाह उच्च रहने देखिन्छ । यसबाट अर्थतन्त्रमा तरलता प्रवाह बढ्न गई आर्थिक गतिविधि चलायमान बनाउन सहयोग पुग्ने देखिन्छ ।

३१. विगतमा लिइएका नीतिगत व्यवस्था, आयातमा आएको कमी र उल्लेख्य विप्रेषण आप्रवाहका कारण शोधनान्तर स्थितिमा सुधार देखिएतापनि आन्तरिक उत्पादन क्षमता कमजोर रहेको पृष्ठभूमिमा यस्तो सुधारलाई टिकाई राख्न चुनौतीपूर्ण छ । शोधनान्तर स्थितिमा आएको सुधार र आन्तरिक आर्थिक अवस्थालाई दृष्टिगत गरी नीतिगत व्यवस्थाहरुमा लचकता अपनाउँदै लगिएको छ । भूकम्पपछि शुरु हुने पुनःनिर्माण र आन्तरिक उत्पादन, आयात तथा व्यापार सन्तुलनको विगतको प्रवृत्तिलाई हेर्दा व्यापार घाटा बढ्ने र बाह्य क्षेत्र पुनः दबाबमा पर्ने जोखिम छ । यसर्थ, आन्तरिक उत्पादन क्षमता र मागको बीचमा सन्तुलन कायम राख्न सहयोग पुग्ने गरी मौद्रिक व्यवस्थापन गर्नु पर्ने आवश्यकता छ ।

३२. उल्लिखित आर्थिक स्थिति एवम् परिदृश्यका आधारमा आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिको सजगतापूर्वक लचिलो कार्यदिशालाई कायमै राखिएको छ ।

## नीतिगत व्यवस्थाहरु

३३. विद्यमान मुद्रास्फीतिलाई प्रभाव पार्ने विभिन्न पक्षहरुको विश्लेषण, शोधनान्तर स्थिति र निजी क्षेत्रतर्फ जाने बैंक कर्जाको वृद्धिदरलाई दृष्टिगत गरी बैंक दरलाई ७.५ प्रतिशतबाट घटाई ७ प्रतिशत, नीतिगत दरलाई ६.५ प्रतिशतबाट घटाई ५.५ प्रतिशत र निक्षेप संकलन बोलकबोल दरलाई ४.५ प्रतिशतबाट घटाई ३.० प्रतिशत कायम गरिएको छ । अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातसम्बन्धी व्यवस्थालाई यथावत राखिएको छ ।

३४. बैंक तथा वित्तीय संस्थाले निष्काशन गरेको डिवेन्चरलाई २०८० पुस सम्मको लागि श्रोतको रुपमा समेत शतप्रतिशत गणना गर्न पाउने व्यवस्था रहेकोमा सोपश्चात् उक्त डिवेन्चरको पचास प्रतिशत रकम २०८१ असार सम्मका लागि श्रोतको रुपमा गणना गर्न पाउने व्यवस्था मिलाइने छ ।

३५. बैंक तथा वित्तीय क्षेत्रमा नियतवश कर्जा भुक्तान नगर्ने ऋणीहरु उपरको कारवाहीलाई थप प्रभावकारी बनाउँदै परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीहरुलाई कर्जा पुनरसंरचना र पुनरतालिकीकरण लगायतका माध्यमबाट सहजीकरण गरिने छ । यसका लागि बैंक तथा वित्तीय संस्थाले समस्यामा परेका ऋणीहरुबाट प्राप्त निवेदनको विश्लेषणका आधारमा बक्यौता ब्याजको दश प्रतिशत रकम असूल गरी कर्जा पुनरसंरचना गर्न सक्ने अवधि २०८० चैत मसान्तसम्म कायम गरी पुनरसंरचना गर्न सक्ने क्षेत्रहरुको विस्तार गरिने छ ।

३६. २०८० कात्तिकको भूकम्पका कारण क्षतिग्रस्त भएका आवासीय घरहरुको पुनरनिर्माणका लागि नेपाल सरकार वा नेपाल सरकारले तोकेका निकायले भूकम्प प्रभावितको रुपमा सूचीकरण गरेका परिवारलाई बैंक तथा वित्तीय संस्थाले रु.२५ लाखसम्मको आवासीय घर कर्जा आधार दरमा २ प्रतिशत बिन्दुभन्दा बढी प्रिमियम थप गर्न नपाउने व्यवस्था गरिने छ । यस प्रयोजनको लागि साविकको कर्जा-धितो अनुपातमा बैंक तथा वित्तीय संस्थाले १० प्रतिशत वा सोभन्दा बढी बिन्दुसम्म थप गर्न सक्ने व्यवस्था गरिने छ ।

३७. २०८० कात्तिकको भूकम्पका कारण क्षतिग्रस्त भएका सार्वजनिक विद्यालय, सार्वजनिक अस्पताल तथा स्वास्थ्य चौकीको पुनरनिर्माणका लागि बैंक तथा वित्तीय संस्थाले आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को मुनाफाबाट सामाजिक उत्तरदायित्व कोषमा छुट्टयाई खर्च गर्नुपर्ने रकमको ४० प्रतिशतसम्म योगदान गर्न सक्ने व्यवस्था गरिने छ ।

३८. बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने रियल स्टेट कर्जा र रु.५० लाखभन्दा बढीको सेयर धितो कर्जाको जोखिम भार घटाई १२५ प्रतिशत कायम गरिने छ ।

३९. रु.५० लाख सम्मको आवास कर्जाको हकमा मासिक किस्ता आम्दानी अनुपात बढाई ६० प्रतिशत कायम गरिने छ ।

४०. ननडेलिभरेबल फरवार्ड कारोवार र स्थानीय विप्रेषण कारोवारको सीमासम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने छ ।

४१. लघुवित्त वित्तीय संस्थाले आफ्नो नियमित सम्पर्कमा रहेका तर परिस्थितिजन्य कारणले समस्यामा परी कर्जालाई नियमित गर्न नसकेका ऋणीहरुले कर्जा पुनरसंरचनाका लागि संस्थामा २०८० चैतसम्म निवेदन दिएमा त्यस्ता ऋणीहरुको कर्जालाई पुनरसंरचना गर्न सक्ने व्यवस्था गरिने छ ।

४२. मौद्रिक नीतिको कार्यदिशा, संरचना, लक्ष्य र उपकरणका सम्बन्धमा सुझावका लागि बाह्य विज्ञहरु सम्मिलित मौद्रिक नीति सल्लाहकार समिति गठन गरिने छ ।

**अन्त्यमा,**

४३. पछिल्लो आन्तरिक एवम् बाह्य आर्थिक स्थिति र परिदृश्यका आधारमा वार्षिक मौद्रिक नीतिमा लिइएको कार्यदिशालाई थप लचिलो बनाइएको छ । यसबाट आन्तरिक आर्थिक स्थिति सुदृढ बनाउन सहयोग पुग्ने अपेक्षा रहेको छ । आन्तरिक आर्थिक गतिविधि एवम् मुद्रास्फीतिको अवस्थालाई दृष्टिगत गरी मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षा गर्दा मौद्रिक उपायहरुमा आवश्यकतानुसार परिमार्जन गरिने छ ।

४४. चालु आर्थिक वर्षको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षाको क्रममा सहयोग पुऱ्याउने नेपाल सरकारका निकायहरु, उद्योग व्यवसायसँग सम्बन्धित संघ/संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरु, विद्वत वर्ग, सञ्चार माध्यमलगायत सबै सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्दै मौद्रिक नीति र यस समीक्षामा व्यवस्था गरिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा सदाझैँ सबैको सहयोग रहने यस बैंकको विश्वास रहेको छ ।

*२२ मंसिर २०८० ।*